# अर्थ बुलेटिन

वर्ष ४ अंक ११ जेठ, २०८०

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७९/८० को जेठसम्म संघीय सरकारी खर्च १३.६ प्रतिशतले वृद्धि भएको छ। भन्सार विन्दुमा सङ्कलन हुने राजस्वमा कमी आउँदा कुल राजस्व परिचालन ११.२ प्रतिशतले घटेको छ।
- यस अवधिमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फिति ६.८ प्रतिशत (वार्षिक लक्ष्य भित्रै) रहेको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा गत आर्थिक वर्षको तुलनामा २४.१ प्रतिशतले कमी आएको छ।
- कुल वस्तु निर्यात र आयातमा कमी आएको छ। आयातमा कमी आएको कारण व्यापार घाटामा सुधार भएको छ।
- पर्यटक आगमन र पर्यटन क्षेत्रबाट प्राप्त हुने आय बढेको छ। वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या बढेसँगै विप्रेषण आप्रवाहमा समेत वृद्धि भएको छ। चालु खाता घाटामा सुधार भएको छ भने र शोधनान्तर स्थिति बचतमा छ। विदेशी मुद्रा सञ्चितिमा वृद्धि भएको छ। समग्रमा अर्थतन्त्रका बाह्य क्षेत्रका परिसूचकहरुमा सुधार भएको छ भने लक्ष्य बमोजिम राजस्व परिचालन हुन नसक्दा स्रोत व्यवस्थापनमा दबाब पर्न गएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. १० खर्ब ३५ अर्ब ६१ करोडको तुलनामा १३.६ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ७६ अर्ब ७ करोड पुगेको छ। कुल खर्चमध्ये चालु खर्च ७४.६ प्रतिशत, पूँजीगत खर्च १३.० प्रतिशत र वित्तीय व्यवस्थातर्फ १२.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ७८.७ प्रतिशत, १३.३ प्रतिशत र ८.० प्रतिशत रहेको थियो। विगत वर्षमा भुक्तानी गर्नुपर्ने वैदेशिक ऋणको सावाँ भुक्तानी गरिएको कारण चालु आर्थिक वर्षमा वित्तीय व्यवस्था तर्फको खर्च वृद्धि भएको हो। यस अवधिको चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फको खर्चमा क्रमशः ७.७ प्रतिशत, ११.० प्रतिशत र ७५.२ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको खर्चको स्थिति (रु. अर्बमा)**

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| चालु | ६०८.८५ | ६७०.५२ | ७००.६१ | ८१४.५४ | ८७७.३९ |
| पूँजीगत | १५१.४७ | १२६.२७ | १४३.०९ | १३७.९६ | १५३.०८ |
| वित्तीय व्यवस्था | ६६.१३ | ८६.२१ | ७३.१५ | ८३.१० | १४५.५९ |
| **कुल खर्च** | **८२६.४५** | **८८३.००** | **९१६.८५** | **१०३५.६१** | **११७६.०७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको जेठ महिनासम्मको कुल संघीय सरकारी खर्चमध्ये चैत महिनामा सबैभन्दा बढी १३.९ प्रतिशत रहेको छ भने साउन महिनामा सबैभन्दा कम १.९ प्रतिशत रहेको छ ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | ५६५.७२ | १४८.४६ | १५११.६९ | २२२५.८८ | ०.०१९ |
| भदौ | १०३०७.४१ | ४३७.५९ | ४६३.०६ | ११२०८.०५ | ०.०९५ |
| असोज | ११५०२.१४ | १३८२.०६ | १४९८.५० | १४३८३.०६ | ०.१२२ |
| कात्तिक | ५७६३.३४ | ६६१.५० | ८५७.२६ | ७२८१.७४ | ०.०६२ |
| मङ्सिर | ७२८७.०८ | ७६९.५५ | ३६५.७५ | ८४२२.९६ | ०.०७२ |
| पुष | १००८७.०१ | १९४६.३६ | २०८०.२८ | १४११३.०७ | ०.१२० |
| माघ | ७६३७.४० | १२८४.३२ | २०९.२६ | ९१३०.९८ | ०.०७८ |
| फागुन | ७७३४.३५ | १७९५.७६ | १६२७.१६ | १११५७.२७ | ०.०९५ |
| चैत | ९७९२.१४ | २२९८.७४ | ४२९१.२७ | १६३८२.१५ | ०.१३९ |
| बैशाख | ७९९७.६७ | १८४३.६२ | ६२९.६५ | १०४७०.९४ | ०.०८९ |
| जेठ | ९०६५.१८ | २७४०.४६ | १०२४.८३ | १२८३०.४७ | ०.१०९ |
| **जम्मा** | ८७७३९.४४ | १५३०८.४२ | १४५५८.७१ | ११७६०६.५७ | १.००० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

३. आर्थिक वर्ष २०७९/८० को जेठसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.२ प्रतिशतले कमी आई रु ८ खर्ब ३६ अर्ब ८५ करोड रहेको छ। कुल राजस्वमध्ये कर राजस्व ९०.७ प्रतिशत र गैर कर राजस्व ९.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ९२.६ प्रतिशत र ७.४ प्रतिशत रहेको थियो। यस अवधिमा मूलतः भन्सार महशुल, आयात तर्फको अन्तः शुल्क र मूल्य अभिवृद्धि करमा आएको उच्च गिरावटका कारण समग्र राजस्व असुली कम भएको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ८ खर्ब ७५ अर्ब ५९ करोड रहेको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर | ६४८.०४ | ५८८.३७ | ७५८.३८ | ८७२.५४ | ७५९.०० |
| गैरकर | ७१.३६ | ५९.४५ | ५३.९८ | ६९.५९ | ७७.८५ |
| **कुल राजस्व** | **७१९.३९** | **६४७.८२** | **८१२.३५** | **९४२.१३** | **८३६.८५** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको जेठसम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**


| कर शीर्षक | २०७८/७९ जेठसम्मको असुली | २०७९/८० को वार्षिक लक्ष्य | २०७९/८० जेठसम्मको असुली | जेठसम्मको लक्ष्य | असुली प्रतिशतमा | प्रतिशत परिवर्तन | वार्षिक लक्ष्यको तुलनामा असुली |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **२२२३३.०४** | **३३०५६.८०** | **१६५०९.४९** | **३०२५९.६०** | **५४.६** | **-२५.७** | **४९.९** |
| **मूल्य अभिवृद्धि कर** | **२८४२३.२५** | **३९८४६.७९** | **२५३१९.०८** | **३५८८०.२६** | **७०.६** | **-१०.९** | **६३.५** |
| उत्पादन, बिक्री, सेवा | १००६८.९९ | १४०२०.४१ | ९९४३.२२ | १२४४४.८२ | ७९.९ | -१.२ | ७०.९ |
| पैठारी | १८३५४.२६ | २५८२६.३८ | १५३७५.८६ | २३४३५.४४ | ६५.६ | -१६.२ | ५९.५ |
| **अन्तःशुल्क** | **१५४३८.५७** | **२१७२८.२७** | **१३२७७.२१** | **२०२६२.८९** | **६५.५** | **-१४.०** | **६१.१** |
| आन्तरिक उत्पादन | १००६८.९९ | १३७३५.२६ | १०३४४.३३ | १३००३.४३ | ७९.६ | २.७ | ७५.३ |
| पैठारी | ५३६९.५८ | ७९९३.०१ | २९३२.८८ | ७२५९.४५ | ४०.४ | -४५.४ | ३६.७ |
| **शिक्षा सेवा शुल्क** | **१०५.०३** | **१४७.८०** | **१६६.६६** | **१३९.६७** | **११९.३** | **५८.७** | **११२.८** |
| **आयकर** | **२१०५४.०८** | **३४७५७.९२** | **२०६२७.६१** | **२८६६५.५०** | **७२.०** | **-२.०** | **५९.३** |
| आयकर | १८७१७.३९ | ३०७८२.९३ | १७४८३.२४ | २४७७०.२० | ७०.६ | -६.६ | ५६.८ |
| ब्याज कर | २३३६.६९ | ३९७४.९९ | ३१४४.३८ | ३८९५.३१ | ८०.७ | ३४.६ | ७९.१ |
| **कुल कर राजस्व** | **८७२५३.९७** | **१२९५३७.५८** | **७५९००.०५** | **११५२०७.९२** | **६५.९** | **-१३.०** | **५८.६** |
| **गैर कर** | **६९५८.६०** | **१०७७७.१२** | **७७८५.३४** | **८२९४.६६** | **९३.९** | **११.९** | **७२.२** |
| **कूल राजस्व** | **९४२१२.५७** | **१४०३१४.७०** | **८३६८५.३९** | **१२३५०२.५८** | **६७.८** | **-११.२** | **५९.६** |
| **अन्य प्राप्ति** | **४३४४.९४** | **0.00** | **३८७३.१६** | **0.00** | **-** | **-१०.९** | **-** |
| **कुल राजस्व/प्राप्ति** | **९८५५७.५१** | **१४०३१४.७०** | **८७५५८.५५** | **१२३५०२.५८** | **७०.९** | **-११.२** | **६२.४** |


स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको जेठसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शिक्षा सेवा शुल्क, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क, ब्याजकर र गैरकर सङ्कलनमा वृद्धि भएको छ भने अन्य शीर्षकका कर सङ्कलनमा कमी आएको छ।

५. चालु आर्थिक वर्षको जेठसम्ममा वार्षिक राजस्व लक्ष्यको ५९.६ प्रतिशत सङ्कलन भएको छ भने जेठसम्मको लक्ष्यको ६७.८ प्रतिशत राजस्व सङ्कलन भएको छ।

**चार्ट (क): पछिल्लो २ आर्थिक वर्षको जेठसम्मको सङ्कलित राजस्वको संरचना**





स्रोतः अर्थ मन्त्रालय।

६. चालु आर्थिक वर्षको जेठ महिनासम्मको कुल राजस्वमा गत वर्षको सोही अवधिको तुलनामा भन्सार महशुल र अन्तशुल्कको हिस्सा घटेको छ भने अन्य शीर्षकका करको हिस्सा बढेको छ।

**चार्ट (ख): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. अर्बमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. विगत पाँच आर्थिक वर्षको राजस्व सङ्कलनको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ को जेठ महिनासम्ममा राजस्वको वृद्धिदर ९.९ प्रतिशतले ऋणात्मक रहेको थियो। कोभिड-१९ को प्रभाव कम भएसँगै आर्थिक वर्ष २०७७/७८ को जेठसम्म उच्च दरले बढेको राजस्व पछिल्लो वर्षमा घट्दै गएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म आयात नियमनका लागि चालिएका कदमबाट भन्सार विन्दुमा सङ्कलन हुने राजस्वमा कमी आउँदा समग्र राजस्व सङ्कलनमा समेत कमी आएको छ। साथै, छ महिना पश्चात् आयातमा लगाइएको प्रतिबन्ध हटाइए पनि आयातमा आएको कमीसँगै राजस्व असूली पनि घटेको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको जेठ महिनासम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ८ खर्ब २६ अर्ब ६५ करोडको तुलनामा ११.७ प्रतिशतले कमी आई रू. ७ खर्ब २९ अर्ब ८६ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. १ खर्ब १५ अर्ब ४८ करोडको तुलनामा ७.३ प्रतिशतले कमी आई रू. १ खर्ब ६ अर्ब ९९ करोड रहेको छ। हुने मूल्य अभिवृद्धि कर सङ्कलनमा कमी आउँदा प्रदेश र स्थानीय तहमा समेत बाँडफाँट हुने राजस्व समेत घटेको छ।

## करको दायरा विस्तार

९. २०८० जेठसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५४ लाख ९८ हजार ७ सय ५५ रहेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता ३५ लाख ९३ हजार ९ सय ८२ (६५.४ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १८ लाख ७७ हजार ९ सय ३३ (३४.२ प्रतिशत) र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २६ हजार ८ सय ४० (०.५ प्रतिशत) रहेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ८ हजार ५ सय २५ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १८ हजार ६ सय ८६ पुगेको छ। चालु आर्थिक वर्षको जेठसम्म जम्मा ४० हजार ७ सय ९ करदाताको दर्ता खारेज भएको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७९ असार मसान्त | आ.व. २०७८/७९ को जेठसम्ममा थप | आ.व. २०७९/८० को जेठसम्ममा थप | दर्ता खारेज | कायम रहेको कुल |
|---|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १७६२४१३ | २०१८८१ | १३४४५७ | १८९३७ | १८७७९३३ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | १८०९४ | ६७४५ | ८७४९ | ३ | २६८४० |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३०५०३०४ | ५३८७८९ | ५५७१५१ | १३४७३ | ३५९३९८२ |
| **जम्मा स्थायी लेखा नम्बर** | **४८३०८११** | **७४७४१५** | **७००३५७** | **३२४१३** | **५४९८७५५** |
| **मू.अ.कर** | २९१६३१ | २८८२५ | २२१५७ | ५२६३ | ३०८५२५ |
| **अन्तः शुल्क** | ११२२३१ | १३९७३ | ९४८८ | ३०३३ | ११८६८६ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा २४.१ प्रतिशतले कमी आई रु. १ खर्ब ७० अर्ब ५१ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रु. ९० अर्ब ३ करोड (४०.१ प्रतिशत) र ऋण सहायता रु. १ खर्ब ३४ अर्ब ६१ करोड (५९.९ प्रतिशत) रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रकम रु. २ खर्ब २४ अर्ब ६४ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये द्धि-पक्षीय सहायता २६.० प्रतिशत र बहुपक्षीय सहायता ७४.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सहायता क्रमशः ४३.० प्रतिशत र ५७.० प्रतिशत रहेको थियो।

१२. कुल प्रतिवद्धतामध्ये विश्व बैंक, एशियाली विकास बैंक, युके र जापानबाट क्रमशः ४९.२ प्रतिशत, २२.५ प्रतिशत ११.५ प्रतिशत र ९.७ प्रतिशत प्राप्त भएको छ। अन्य दाताबाट प्राप्त सहायता प्रतिवद्धताको हिस्सा ७.१ प्रतिशत रहेको छ।

**तालिका (च): आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्मको वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था (रू. करोडमा)**


| क्षेत्र | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|
| शिक्षा | ९०५ | ४२३५ | ५१४० |
| उर्जा | ० | १४२० | १४२० |
| महिला विकास | ३५७ | ० | ३५७ |

| क्षेत्र | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|
| सडक | ० | ३४९६ | ३४९६ |
| खानेपानी तथा सरसफाई | १३७ | ० | १३७ |
| सिँचाई | २०० | ० | २०० |
| कृषि | २४७ | ७७९ | १०२६ |
| रोजगारी | १०० | ० | १०० |
| वातावरण | ५५ | १२७५ | १३३० |
| सूचना प्रविधि | १०० | १७७९ | १८७९ |
| शान्ति | ५२६ | ० | ५२६ |
| पूर्वाधार | १४४० | ० | १४४० |
| **जम्मा** | **४०६७** | **१२९८४** | **१७०५१** |

स्रोतः अर्थ मन्त्रालय।

१३. वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी शिक्षा क्षेत्रमा ३०.१ प्रतिशत र सबैभन्दा कम रोजगारी सिर्जना क्षेत्रमा ०.६ प्रतिशत प्राप्त भएको छ।

**चार्ट (ग): चालु आर्थिक वर्षको जेठसम्मको वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत अवस्था**




स्रोतः अर्थ मन्त्रालय।

१४. चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारले रु. २ खर्ब १ अर्ब ७० करोड आन्तरिक ऋण र रु. ७८ अर्ब ९९ करोड बाह्य ऋण गरी कुल रु. २ खर्ब ८० अर्ब ६९ करोड ऋण प्राप्त गरेको छ। यस अवधिमा रु. १ खर्ब ८ अर्ब १२ करोड सावाँ, रु. ५६ अर्ब २६ करोड ब्याज र रु. ११ करोड कमिशन गरी कुल रु १ खर्ब ६४ अर्ब ४९ करोड आन्तरिक ऋण भुक्तानी गरेको छ भने रु. २८ अर्ब ३३ करोड सावाँ र ७ अर्ब ७३ करोड ब्याज गरी कुल रु. ३६ अर्ब ६ करोड बाह्य ऋण भुक्तानी गरेको छ।

१५. चालु आथिक वर्षको जेठसम्म संघीय सरकारले रु. ४ अर्ब ८० करोड २० लाख वैदेशिक अनुदान प्राप्त गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुदान रु. ४३ अर्ब ४५ करोड रहेको थियो।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०७९/८० को जेठसम्म वार्षिक विन्दुगत आधारमा निक्षेप र निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको वृद्धिदर क्रमशः १२.२ प्रतिशत र ३.० प्रतिशत रहेको छ।

१७. २०८० जेठसम्म ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७९ को सोही अवधिमा ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१८. २०७९ जेठसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२७ रहेकोमा गाभिने प्रकृया मार्फत् २०८० जेठमा उक्त सङ्ख्या ११९ कायम भएको छ। साथै, २०७९ को जेठसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार ४ सय ९२ रहेकोमा २०८० जेठसम्म यस्तो सङ्ख्या ११ हजार ५ सय ८३ पुगेको छ।

## बीमा क्षेत्र

१९. २०८० जेठसम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.९ प्रतिशतले वृद्धि भई १ करोड ६६ लाख ७ हजार ३ सय ५३ पुगेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८४.७ प्रतिशत र १५.३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८४.३ प्रतिशत र १५.७ प्रतिशत रहेको थियो।

२०. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.६ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ६० अर्ब ७४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. १ खर्ब ५३ अर्ब ६४ करोड रहेको थियो।

२१. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमातर्फको हिस्सा क्रमशः ७७.५ प्रतिशत र २२.५ प्रतिशत रहेको छ। गत वर्षको जेठसम्म उक्त हिस्सा क्रमशः ७८.८ प्रतिशत र २२.२ प्रतिशत रहेको थियो।


२२. चालु आर्थिक वर्षको जेठसम्म जारी भएको म्यादी, लघुम्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित कुल ४४.२ प्रतिशत जनसङ्ख्या बीमाको दायरामा आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा ४०.० प्रतिशत रहेको थियो।

२३. यस अवधिमा म्यादी, लघुम्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख बाहेक बीमाको दायरामा आएको जनसङ्ख्या भने १७.३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसङ्ख्या १६.२ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२४. २०७९ जेठ मसान्तमा १९९६.२६ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० जेठ मसान्तमा २०४२.०७ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरणमा ५.० प्रतिशतले वृद्धि भई रु. २९ खर्ब ८६ अर्ब २० करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बजार पूँजीकरणमा ३२.५ प्रतिशतले कमी आई रु. २८ खर्ब ४४ अर्ब ११ करोड रहेको थियो।

**चार्ट (ग): पछिल्लो ५ आर्थिक वर्षको जेठ मसान्तको नेप्से सूचकाङ्क**





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२५. आर्थिक वर्ष २०७६/७७ को जेठ मसान्तमा १२०१.५८ विन्दुमा रहेको नेप्से सूचकाङ्क आर्थिक वर्ष २०७७/७८ को जेठ मसान्तमा ३०२५.८३ विन्दुमा पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ को जेठ मसान्त पश्चात् नेप्से सूचकाङ्क केही ओरालो लागेकोमा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आइपुग्दा २०४२.०७ विन्दु कायम भएको छ।

२६. २०८० जेठ महिनाको १ गते १८१८.३१ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न आरोह अवरोह पश्चात् महिनाको अन्तिम कारोबार भएको दिन जेठ ३२ गते २०४२.०७ विन्दु कायम भएको छ।

चार्ट (घ): २०८० जेठ महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## समग्र मूल्य स्थिति

२७. २०८० जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ६.८३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ८.५६ प्रतिशत रहेको थियो।

२८. २०८० जेठ महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६६ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ७.७६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त समूहको मुद्रास्फीति क्रमशः ७.४३ प्रतिशत र ९.४४ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

२९. आर्थिक वर्ष २०७९/८० को जेठसम्म कुल वस्तु निर्यातमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.७ प्रतिशतले कमी आई रु. १ खर्ब ४३ अर्ब ५९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १ खर्ब ८५ अर्ब ८४ करोड रहेको थियो। यस अवधिमा फलामे पाता, अलैची, ऊनी गलैंचा, फलफूलको जुस लगायतका वस्तुको निर्यात वृद्धि भएको छ भने भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न लगायतका वस्तुको निर्यात घटेको छ।

३०. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ६८.९ प्रतिशत, १.१ प्रतिशत र ३०.० प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७८.५ प्रतिशत, ०.४ प्रतिशत र २१.१ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारततर्फ भएको निर्यातमा ३२.२ प्रतिशतले कमी आएको छ भने चीनतर्फको निर्यातमा १०६.७ प्रतिशतले वृद्धि भएको छ।

तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको जेठसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्रशोधित पाम तेल | ३९११.२७ | १९५४.३७ | –५०.० |
| सेन्थेटिक यार्न | ११४७.१५ | १११०.२८ | –३.२ |
| उनी गलैंचा कार्पेट | ८६०.८१ | १०३२.४७ | १९.९ |
| भटमासको तेल प्रशोधित | ४६५८.७० | ८४७.६० | –८१.८ |
| अलैची | ४५५.६६ | ७७०.२२ | ६९.० |
| तयारी कपडा | ६३४.३३ | ६९५.०१ | ९.६ |

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| फलामे पाता | २१६.७२ | ६५०.२८ | २००.१ |
| फलफुलको जुस | ५४०.१८ | ६१०.०४ | १२.९ |
| जमोठ कपडा | ४४२.३५ | ४५८.९७ | ३.८ |
| जुटका बुनिएका कपडा | ५५९.८२ | ४३२.९० | -२२.७ |
| अन्य | ५१५६.६० | ५७९६.५१ | १२.४ |
| **जम्मा** | **१८५८३.५९** | **१४३५८.६५** | **-२२.७** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३२. आर्थिक वर्ष २०७९/८० को जेठसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.० प्रतिशतले कमी आई रु. १४ खर्ब ८० अर्ब ९८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. १७ खर्ब ६३ अर्ब २२ करोड रहेको थियो।

३३. चालु आर्थिक वर्षको जेठसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा शुद्ध फलाम, सुन, एम.एस.स्टील सिट, फलामे पत्रु लगायतका वस्तुको आयात बढेको छ भने मोबाइल टेलिफोन, भटमासको कच्चा तेल, कच्चा पाम तेल, अन्य कोइला, पोलिथिन दाना, एल पी ग्याँस लगायतका वस्तुको आयात घटेको छ।

३४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशतर्फको आयातको अंश क्रमशः ६३.३ प्रतिशत, १३.७ प्रतिशत र २३.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६२.४ प्रतिशत, १३.९ प्रतिशत र २३.७ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारत र चीन तर्फको आयातमा क्रमशः १४.८ प्रतिशत र १७.१ प्रतिशतले कमी आएको छ।

**तालिका (झ) : पछिल्लो दुई आर्थिक वर्षको जेठसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १४५२१.९४ | १३७६०.२७ | -५.२ |
| पेट्रोल | ६२९१.९८ | ६१३८.८८ | -२.४ |
| एल पि ग्यास | ५९१६.५४ | ५४३३.२८ | -८.२ |
| सुन | ३९३२.७ | ४३५३.९२ | १०.७ |
| शुद्ध फलाम | २२३६.५८ | ३९८१.८५ | ७८.० |
| भटमासको तेल कच्चा | ५३२५.५२ | ३४०३.०८ | -३६.१ |
| अन्य कोइला | ३४४५.९९ | २४९७.७७ | -२७.५ |
| कच्चा पाम तेल | ३६५९.६५ | २४६२.०२ | -३२.७ |
| मोवाइल टेलिफोन | ३९०७.५७ | २४४२ | -३७.५ |
| पोलीथिन दाना | २७५०.१४ | २३८९.७९ | -१३.१ |
| अन्य | १२४३३३.८१ | १०१२३५.२५ | -१८.६ |
| **जम्मा** | **१७६३२२.४२** | **१४८०९८.११** | **-१६.०** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३६. आर्थिक वर्ष २०७९/८० को जेठसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.२ प्रतिशतले सुधार भई रु. १३ खर्ब ३७ अर्ब ३९ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. १५ खर्ब ७७ अर्ब ३९ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म आयात नियमनका लागि चालिएका कदमबाट आयात प्रभावित हुँदा व्यापार घाटामा सुधार भएको हो।


**चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**




स्रोतः भन्सार विभाग।

३७. विगत पाँच आर्थिक वर्षको जेठसम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७९/८० मा वस्तु व्यापार घाटामा केही सुधार भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु निर्यातमा भएको संकुचनको दर कुल वस्तु आयातमा भएको संकुचन केही बढी भए तापनि व्यापारमा निर्यात व्यापारको हिस्सा कम र आयातको हिस्सा उच्च हुनाका साथै चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म आयात नियमनका लागि चालिएका नीतिले समेत आयात प्रभावित हुँदा वस्तु व्यापार घाटामा सुधार भएको हो।

**चार्ट (च): पछिल्लो ५ वर्षको जेठसम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग।

३८. विगत पाँच आर्थिक वर्षको जेठसम्मको कुल वस्तु व्यापारमा निर्यात आयात अनुपात क्रमशः सुधार हुँदै आएको भए तापनि आर्थिक वर्ष २०७९/८० मा वस्तु निर्यात-आयात अनुपातमा केही कमी आएको छ। चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.८ प्रतिशत र ९१.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.५ प्रतिशत र ९०.५ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्मको कुल सेवा आय गत वर्षको सोही अवधिको संशोधित सेवा आय रु. १ खर्ब ८ अर्ब ८१ करोडको तुलनामा ५४.९ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६८ अर्ब ५३ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. २ खर्ब ८ अर्ब ३२ करोडमा १३.४ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ३६ अर्ब २१ करोड पुगेको छ।

४०. आर्थिक वर्ष २०७९/८० को जेठसम्म खुद सेवा आय रू. ६७ अर्ब ६८ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ९९ अर्ब ५० करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ९ खर्ब ६ अर्ब ९२ करोडको तुलनामा २२.७ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब १२ अर्ब ५२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ४.१ प्रतिशतले वृद्धि भएको थियो।

४२. चालु आर्थिक वर्षको जेठ महिनासम्म अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४६.६ प्रतिशतले वृद्धि भई ४ लाख ५९ हजार ४ सय १५ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३ लाख १३ हजार ३ सय ६७ रहेको थियो।

४३. यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या अघिल्लो आर्थिक वर्षको जेठसम्मको तुलनामा ०.५ प्रतिशतले वृद्धि भई २ लाख ६० हजार २ सय ६२ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को जेठसम्म पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या २ लाख ५९ हजार ९१ रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४४. आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्ममा चालु खाता रु. ६९ अर्ब ४० करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता घाटा रू. ५ खर्ब ९२ अर्ब १४ करोड रहेको थियो। त्यसैगरी, यस अवधिमा शोधनान्तर स्थिति रु. २ खर्ब २८ अर्ब ९८ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २ खर्ब ६९ अर्ब ८१ करोडले करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४५. आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्म विदेशी विनिमय सञ्चितिमा गत वर्षको सोही अवधिको रू. ११ खर्ब ७६ अर्ब ८४ करोडको तुलनामा २५.८ प्रतिशतले वृद्धि भई रू. १४ खर्ब ८० अर्ब ८७ करोड कायम भएको छ। आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ११.२ महिनाको वस्तु आयात र ९.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर


४६. २०७९ असार मसान्तको तुलनामा २०८० जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.७१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३१.०६ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु. १२७.५१ रहेको थियो ।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४७. चालु आर्थिक वर्ष २०७८/७९ को जेठ महिनासम्म थप दर्ता भएका कम्पनीको सङ्ख्या २७ हजार ६ सय २४ रहेकोमा चालु आर्थिक वर्षको जेठसम्म यस्तो सङ्ख्या २५.८ प्रतिशतले कमी आई २० हजार ४ सय ८९ रहेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

## पर्यटक आगमन

४८. सन् २०२३ को जुन महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या ९७.२ प्रतिशतले वृद्धि भई ४ लाख ७६ हजार ४ सय ८१ पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २ लाख ४० हजार ९ सय १ रहेको थियो।

४९. सन् २०२३ को अप्रिलसम्ममा भ्रमण आयमा समेत ९४.३ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. २९ अर्ब ८८ करोड प्राप्त भएको थियो। यद्यपि यस अवधिमा भ्रमण आय भन्दा भ्रमण व्ययमा भएको खर्च उल्लेख्य रहेको छ।